Informal Sector Service Centre (INSEC)
www.inseconline.org
For Human Rights and Social Justice

| नेपाल भूकम्प २०७२ अपडेट : ३६औं दिन<br>मिति : ०७२ जेठ १६<br>अन्तिम अपडेट : २२:०० बजे | मानवीय क्षति (स्रोत : गृह मन्त्रालय)<br>मृतक : ८,६९३<br>घाइते : २२,२२१ |
|---|---|

## हिंसाका घटनाप्रति सजग रहन आइजीपी अर्यालको आग्रह

भूकम्प पीडितको अवस्थाबारे बुझ्न ओखलढुंगा आएका नेपाल प्रहरीका प्रहरी महानिरीक्षक उपेन्द्रकान्त अर्यालले विपतका बारेमा महिला तथा बालबालिका माथि हिंसाका घटना बढ्ने भएकाले सबैले सजग हुनुपर्ने बताएका छन् । जिल्लाको अवस्थाबारे बुझ्न सरोकारवाला निकायसँगको छलफलमा ०७२ जेठ १५ गते अर्यालले लक्षित समुदायको सुरक्षामा प्रहरी सर्तक हुने बताए ।

विपद्सँगै सुरक्षासम्बन्धी चुनौती थपिएकाले दरबन्दीअनुसारको प्रहरी जनशक्ति खटाउने उनले प्रतिबद्धता जनाए । ओखलढुंगाका भूकम्प पीडित नागरिकले राज्यप्रति गरेको अपेक्षा पूरा नभएको पाइएकोले यस विषयमा गृहमन्त्रालय मार्फत सरकारलाई जानकारी गराउने अर्यालले प्रतिबद्धता जनाए । उनले छलफलका क्रममा प्रहरीको महिला तथा बालबालिका सेल मार्फतका कार्यक्रमहरू पनि थप गर्ने जानकारी दिए । प्राकृतिक रुपमा भएको यो दैवी विपद्को बेला आपराधिक कृयाकलाप बढ्ने भएकाले यसतर्फ बिषेश ध्यान दिन जिल्ला प्रहरीलाई निर्देशन समेत दिए ।

### उल्लेख्य

- विनाशकारी भूकम्पले बाटो भत्किएपछि सिन्धुपाल्चोकको विभिन्न गाउँबस्तीका स्वास्थ्य संस्थामा औषधी पुग्न सकेको छैन । वर्षा सुरु हुन दुई हप्ता मात्र बाँकी हुँदा सङ्कलन भएका औषधीहरू पुऱ्याउने बाटो भूकम्पका कारणले पहिरो जाने र पुरिने भएका कारण सम्बन्धित स्वास्थ्य संस्थाहरूमा पुऱ्याउन नसकिएको जिल्ला जनस्वास्थ्य प्रमुख सागर राजभण्डारीले बताए ।
- रामेछाप जिल्लाका १८ गाविसका ३९ बस्ती भूकम्पको कारण गएको पहिरोले गर्दा जोखिममा परेका छन् । ती बस्ती बग्ने वा पहिरोले पुरिने जोखिममा रहेको जिल्ला दैवी प्रकोप उद्धार समिति रामेछापले जनाएको छ ।
- ओखलढुंगाका भूकम्प प्रभावित विभिन्न गाविसमा बाल तथा किशोरी मैत्री स्थान निर्माण गरिने भएको छ । भूकम्पमा किशोरी तथा महिलामाथि हुने दुर्व्यवहारलाई ध्यानमा राखेर उनीहरूको संरक्षणका लागि महिला बालबालिका कार्यालय, युनिसेफ र सरोकारवाला निकायको सहकार्यमा बाल तथा किशोरी मैत्री स्थल बनाउन लागिएको हो ।
- गत वैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पनले भवनमा बस्नै नहुने गरी क्षति पुगेपछि भोजपुरमा रहेको सरकारी तथा गैरसरकारी कार्यालय पक्की भवन खोज्दै सर्न थालेका छन् ।

**पूर्ण विवरणका लागि :** http://www.inseconline.org/

Informal Sector Service Centre(INSEC)
Syuchatar-4, Kathmandu, Nepal
Email: inseconline@insec.org.np
Pnone : 977-1-4278770/ 4280591
Fax : 977-1-4270551
www.facebook.com/inseconline; www.twitter.com/inseconline